"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०८१/८२
चलानी नं. :

मिति : २०८१/०४/०२

११४४ दिल्लाथ्व १ बुधबार

<u>सामाजिक सुरक्षा भत्ता लाभग्राहीको नवीकरण गर्ने सम्बन्धी नमोबुद्ध नगरपालिकाको अत्यन्त जरुरी सूचना।</u>

प्रस्तुत विषयमा यस नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनु भएका लाभग्राहीहरुले आ.व.२०८१/८२ मा भत्ता प्राप्त गर्नका लागि सामाजिक सुरक्षा ऐन २०७५ तथा सामाजिक सुरक्षा नियमावली २०७६(संशोधन सहित) को नियम ९ मा व्यवस्था भए अनुसार मिति **२०८१ श्रावण १** देखि **भाद्र मसान्त** भित्रमा भत्ता प्राप्त गर्ने व्यक्ति आफै तथा दलित बालबालिका,अशक्त र अपाङ्गको हकमा संरक्षकले आफ्नो सम्बन्धित वडामा तपशिल बमोजिमको कागजातका साथ नवीकरणको लागि निवेदन दिनुहुन अनुरोध छ। तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रणालीबाट स्वतः नाम हटि भत्ता प्राप्त नहुने जानकारी समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको मिति २०८१/०१/२४, प. सं. ०८०/८१ ,च. नं. ३८५ को पत्रानुसार यस नगरपालिकामा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको माघ महिनामा अनिवार्य Bio-Metric Verification गर्नुपर्ने भएकाले सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न सम्बन्धित वडामा आउँदा राष्ट्रिय परिचयपत्र नं. वा शिविरमा दर्ता गरेको राष्ट्रिय परिचयपत्र आवेदन फारम र दर्ता गर्न छुट भएकाहरुको हकमा कार्तिक मसान्तसम्ममा राष्ट्रिय परिचयपत्र नं. अनिवार्य रुपमा सम्बन्धित वडामा बुझाउनुहुन समेत सूचित गरिन्छ।

<u>**आवश्यक कागजातहरु**</u>

- ✓ सामाजिक सुरक्षा भत्ता लाभग्राही परिचयपत्र
- ✓ नागरिकताको फोटोकपी –१ प्रति
- ✓ फोटो (PP-Size) –२ प्रति
- ✓ एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको फोटोकपी –१ प्रति
- ✓ अपाङ्गताको हकमा अपाङ्गताको परिचयपत्रको फोटोकपी –१ प्रति
- ✓ संरक्षकको नागरिकता फोटोकपी –१ प्रति
- ✓ राष्ट्रिय परिचयपत्र नं. वा राष्ट्रिय परिचयपत्र आवेदन फारमको फोटोकपी –१ प्रति

बुद्धिराज अर्याल
शाखा अधिकृत
०८१/०४/०२

*पुनश्चः बालबालिका ,आफ्नो हेरचाह आफै गर्न नसक्ने ,अशक्त ,असाहाय वा नब्बे वर्ष माथिका लाभग्राहीहरुलाइ परिचयपत्र अनिवार्य छैन ।*